# आकाशवाणी समाचार- नेपाली
**मितिः ०१ अक्तूबर २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको भारत मण्डपममा संघ लोक सेवा आयोग (UPSC) को शताब्दी समारोहमा भाग लिनुहुनेछ।

२. केन्द्रले वर्ष 2027-28 अवधि सबै रबी फसलहरूको न्यूनतम समर्थन मूल्यमा वृद्धिलाई स्वीकृति दिईएको छ।

३. रक्षा मन्त्री राजनाथ सिंह आज नयाँ दिल्लीमा रक्षा लेखा विभागको 279 औ वार्षिक दिवस समारोहमा सामेल हुनु हुनेछ।

४. केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जे.पी. नड्डाले भारतले आफ्ना नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै रोग रोकथाममा पनि विशेष ध्यान केन्द्रित गरिरहेको बताउनु भएको छ।

५. गुवाहाटीमा हिजो खेलिएको तीन म्याचहरुको शृङ्खलाको दोस्रो एकदिवसीय क्रिकेट म्याचमा भारतले वेस्ट इन्डिजलाई आठ विकेटले पराजित गरेको छ।

**<u>पीएम-यूपीएससी</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको भारत मण्डपममा संघ लोक सेवा आयोग (UPSC) को शताब्दी समारोहमा भाग लिनुहुनेछ। यस अवसरमा प्रधानमन्त्रीले जनसमूहलाई पनि सम्बोधन गर्नुहुनेछ।यो कार्यक्रम UPSC को स्थापनाको 100 वर्ष पूरा भएको उपलक्ष्यमा मनाइँदैछ। श्री मोदीले UPSC को शताब्दी समारोहका एक स्मारक सिक्का, स्मारक डाक टिकट र **'100 लैंडमार्क जजमेंट्स - शेपिंग द पॉलिसीज़ ऑफ़ यूपीएससी एंड पब्लिक सर्विस कमीशंस इन इंडिया'** नामको एक पुस्तक पनि जारी गर्नुहुनेछ। यो कार्यक्रम **यूपीएससी**द्वारा हिजो र आज आयोजित गरिएको दुई दिवसीय कार्यक्रमको हिस्सा हो।

**<u>केन्द्रीय मन्त्रिमण्डल</u>**

केन्द्रीय मन्त्रिमण्डलको आर्थिक मामिला समितिले विपणन सत्र 2027-28 को लागि सबै आवश्यक रवि फसलको न्यूनतम समर्थन मूल्यमा वृद्धिलाई अनुमोदन गरेको छ।नयाँ दिल्लीमा हिजो मंत्रिमण्डलको बैठकपछि सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले किसानहरूको उपजको उचित मूल्य सुनिश्चित गर्न यो निर्णय लिईएको बताउनुभयो।

**बाइट - अश्विनी वैष्णव - 26**

सबैभन्दा बढी कुसुमको मूल्य प्रति क्विन्टल 675 रुपियाँले वृद्धि गरिएको छ। तोरी र खसखसको मूल्य प्रति क्विन्टल 413 रुपियाँले वृद्धि बढ़ाएको छ। श्री वैष्णवले मसूरको मूल्य प्रति क्विन्टल 390 रुपियाँ, जौको 136 रुपियाँ, चनाको 83 रुपियाँ र गहुँको 25 रुपियाँले बढाइएको बताउनुभयो। सरकारले उत्तर प्रदेश, कर्नाटक र तेलंगानामा चालू खरीफ मौसमको लागि प्रमुख दाल र तिलहनको खरिदका लागि 5 हजार 548 करोड़ रुपियाँको अनुमोदन गरेको छ।

**<u>राजनाथ सिंह - रक्षा वार्षिक दिवस</u>**

रक्षा मन्त्री राजनाथ सिंह आज नयाँ दिल्लीमा रक्षा लेखा विभाग- डीएडको 279 औ वार्षिक दिवस समारोहमा सामेल हुनु हुनेछ। यस अवसरमा रक्षा मन्त्री रक्षा लेखा विभागको विभिन्न सूचना प्रौद्योगिकी पहलहरुको शुभारम्भ गर्नु हुनेछ। यसमा भारतीय सेनाको वित्तीय सूचना प्रणालीलाई विभागको सक्षम प्लेटफॉर्मको साथ एकीकरण, रक्षा मन्त्रालयकोम्लागी संशोधित राष्ट्रीय संकलन प्रणाली र रक्षा मन्त्रालयमा राजकोषीय एकल खाता भुगतान शुरू गर्नको लागि भुगतान प्रक्रिया र एकीकृत प्रणाली प्रबन्धन प्लेटफॉर्म सामेल छन्। श्री सिंह रक्षा व्यय 2026 पर व्यापक सांख्यिकीय पुस्तिका, विभागको आन्तरिक हिंदी पत्रिका र वर्ष 2025-2026 को लागि बाजारको रिपोर्टसहित धेरै प्रकाशनहरुको विमोचन पनि गर्नु हुनेछ।

**नड्डा – ग्यास्ट्रोएन्टेरोलोजी**

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जे.पी. नड्डाले भारतले आफ्ना नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनुका साथै रोग रोकथाममा पनि विशेष ध्यान केन्द्रित गरिरहेको बताउनु भएको छ। नयाँ दिल्लीमा आयोजित चार दिने 'विश्व ग्यास्ट्रोएन्टेरोलोजी सम्मेलन' लाई सम्बोधन गर्नु हुँदै उहाँले 'आयुष्मान भारत-प्रधानमन्त्री जन आरोग्य योजना' अन्तर्गत ६ करोडभन्दा बढी लाभार्थीहरू समेटिएको जानकारी दिनु भयो। यस योजनाअन्तर्गत प्रति परिवार ५ लाख रुपियाँसम्मको स्वास्थ्य बीमा सुविधा प्रदान गरिन्छ। उहाँले यस योजनामार्फत १३ करोडभन्दा बढी मानिसले स्वास्थ्य सुविधा प्राप्त गरिसकेको र यसमा २ लाख करोड रुपियाँभन्दा बढी खर्च भइसकेको बताउनु भयो।
श्री नड्डाले सन् १९९० देखि २०२३ को अवधिमा भारतमा मातृ मृत्युदरमा ८६ प्रतिशतले कमी आएको कुरामा जोड दिनु भयो। उहाँले गैर-संचारी रोगहरुको जांच, निवारक स्वास्थ्य सेवा स्वास्थ्य सेवाको एक महत्त्वपूर्ण आधारस्तम्भ भएको बताउनु भयो। श्री नड्डाले 'विश्व ग्यास्ट्रोएन्टेरोलोजी सम्मेलन' जस्ता अन्तर्राष्ट्रिय वैज्ञानिक मञ्चहरूले ज्ञानको आदान-प्रदान गर्न, विभिन्न स्वास्थ्य प्रणालीहरूबाट सिक्न र अन्तर्राष्ट्रिय सहयोग सुदृढ गर्न महत्त्वपूर्ण अवसर प्रदान गर्ने कुरा पनि बतानु भयो।

**दिल्ली जल बोर्ड – परियोजनाहरू**

दिल्ली जल बोर्डले राजधानीको खानेपानी आपूर्ति, ढल निकास र फोहोर पानी प्रशोधन प्रणालीलाई सुदृढ बनाउन १७ हजार ९०० करोड रुपियाँभन्दा बढी लागतका विभिन्न प्रमुख परियोजनाहरूलाई स्वीकृति दिएको छ। 'वन जोन, वन ऑपरेटर' योजना अन्तर्गत बोर्डले लगभग १७ हजार ९ सय ६९ करोड रुपियाँको १० वर्षे ढल मर्मत योजनालाई स्वीकृति प्रदान गरेको छ। जल बोर्डले दक्षिण दिल्लीमा खानेपानी आपूर्ति प्रणालीलाई अझ सुदृढ बनाउन ६ हजार ४४ करोड रुपियाँको परियोजनालाई पनि स्वीकृति दिएको छ।

**अपतटीय खनिज भंडार नीलामी**

खानी मन्त्रालयले आज अपतटीय खनिज भण्डारहरूको लिलामी सुरु गर्नेछ, मन्त्रालयले भनेको छ यो भारतको खनिज क्षमतालाई उजागर गर्ने र देशको दीर्घकालीन संसाधन सुरक्षालाई सुदृढ पार्ने दिशामा एक महत्त्वपूर्ण कदम हो, लिलामीमा अण्डमान सागर क्षेत्रमा रहेका दुई अपतटीय खनिज भण्डारहरू सामेल छन्, जुन समग्र लाइसेंस प्रदान गर्न प्रस्ताव गरिनेछ।

**मोदी र ट्रम्प टेलिफोन वार्ता**

प्रधानमन्त्री नरेन्द्र मोदी र अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले हिजो टेलिफोन वार्तामा व्यापार, रक्षा, ऊर्जा र महत्वपूर्ण प्रविधि लगायतका क्षेत्रहरूमा द्विपक्षीय सहयोगको समीक्षा गर्नुभयो।प्रधानमन्त्रीले दुई नेताहरूले विश्वव्यापी शान्ति र सुरक्षाका लागि जारी प्रयासहरू सहित क्षेत्रीय र अन्तर्राष्ट्रिय मुद्दाहरूमा पनि छलफल गरेको बताउनुभयो।दुवै नेताहरू बृहत् विश्वव्यापी रणनीतिक साझेदारीलाई अझ सुदृढ पार्न सहयोग जारी राख्न सहमत हुनुभयो।

**फ्लाई दुबई घटना**

दुबईदेखि इस्राएलको तेल अवीव गईरहेको फ्लाई दुबईको फ्लाइटको कप्तानमाथि छुरीले हमला गर्ने कोशिशको आरोपमा विमानको सह-पायलटलाई गिरफ्तार गरिएको छ। हमलाको कारण दुई मिनटभन्दा कम समयमा विमान लगभग 17 हजार 400 फीट तल झरेको थियो। तर कर्मचारीहरुसहित यात्रीहरु र चालक दलको सदस्यहरुले कॉकपिटमा प्रवेश गरे अनि

आक्रमणकारीलाई काबूमा ल्याए अनि विमानलाई स्थिर गर्न सहयोग गरे। त्यसपछि फ्लाइटलाई डायवर्ट गरेर र उत्तर-पश्चिमी सऊदी अरबको तबुक क्षेत्रीय हवाई अड्डामा सुरक्षित रूपले उतार्न सफल भएको छ।

**एसियाली खेल**

जापान एसियाली खेलहरुमा भारतले हिजो तीरंदाजीमा तीन र निशानेबाजीमा एक स्वर्ण सहित जम्मा चार स्वर्ण पदक जितेको छ। तीरंदाजीमा पुरुष कम्पाउन्ड टोलीले चीनलाई, मिश्रित कम्पाउन्ड टोलीले कोरियालाई र महिला कम्पाउन्ड टीमले चीनलाई मिक्स्ड कंपाउंड टीमले कोरियालाई र महिला कंपाउंड टीमले चीनलाई पराजित गरि स्वर्ण पदक जितेको छ। निशानेबाजीमा नीरू ढांडा र किनान चेनाईको भारतीय जोड़ीले ट्रैप मिक्स्ड टीम स्पर्धामा स्वर्ण पदक हासिल गरेका छन्। **भारतीय महिला हॉकी टीमले दक्षिण कोरियालाई पराजित गरि फाइनलमा पुगेको छ।** मुक्केबाजीमा लवलीना बोरगोहेन फाइनलमा प्रवेश गरेकी छिन। प्रिया घंघास र कपिल पोखरियाले कांस्य पदक हासिल गरेका छन्। पदक तालिकामा भारत 10 स्वर्ण, 21 रजत र 29 कांस्य सहित कुल 60 पदकका साथ आठौ स्थानमा पुगेको **छ।राष्ट्रपति द्रौपदी मुर्मु, प्रधानमंत्री नरेन्द्र मोदी र खेल मंत्री मनसुख मांडवियाले पदक विजेताहरुलाई बधाई दिनु भएको छ।**

**क्रिकेट - भारत विरुद्ध वेस्ट इन्डिज**

तीन म्याचको शृङ्खला अन्तर्गत गुवाहाटीमा राति सम्पन्न दोस्रो एकदिवसीय अन्तर्राष्ट्रिय म्याचमा भारतले वेस्ट इन्डिजलाई आठ विकेटले पराजित गऱ्यो। यस जितसँगै भारतले शृङ्खलामा २-० को अग्रता हासिल गरेको छ। पहिले ब्याटिङ गरेको वेस्ट इन्डिजले जोन क्याम्पबेल, शाई होप र अमिर जाङ्गुको शतकको मद्दतले ७ विकेटको क्षतिमा जम्मा ४०५ रन बनायो। एक दिवसीय क्रिकेटमा वेस्ट इन्डिजको यो अहिलेसम्मकै उच्च स्कोर हो। कप्तान शुभमन गिलको अविजित २३३ रन र रोहित शर्माको शतकको सहयोगमा भारतले ४४औँ ओभरमा लक्ष्य पूरा गऱ्यो। शुभमन गिल 'प्लेयर अफ द म्याच' घोषित भए। शृङ्खलाको तेस्रो तथा अन्तिम म्याच शनिबार नयाँ चण्डीगढमा खेलिनेछ।